# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, असार ५ गते, २०७४ साल (संख्या १२

## भाग ३

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना**

**जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली, २०७४**

जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "जातीय भेदभाव तथा छुवाछुत ( कसुर र सजाय ) नियामावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "उजूरी" भन्नाले ऐनको दफा ५ बमोजिमको उजूरी सम्झनु पर्छ र सो शव्दले प्रचलित कानून बमोजिम दिइने जाहेरी दरखास्तलाई समेत जनाउँछ ।

(ग) "ऐन" भन्नाले जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. प्रहरी कार्यालयमा उजूरी दिन सक्ने : (१) कसैले ऐनको दफा ४ बमोजिमको कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा उजूरी दिन सक्नेछ ।

(२) कसैले नेपाली नागरिक विरुद्ध ऐनको दफा ४ बमोजिमको कुनै कसूर नेपाल बाहिर गरेमा सो थाहा पाउने व्यक्तिले निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा उजूरी दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐनको दफा ४ बमोजिमको कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले मौखिक, हुलाक वा अन्य माध्यमबाट प्रहरी कार्यालयमा उजूरी दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कसैले उजूरी दिएको भए सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजूरीकर्तालाई झिकाई उजूरीको व्यहोरा सनाखत गराउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम उजूरी प्राप्त भएकोमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजूरीलाई अनुसूची-१ बमोजिमको ढाँचामा अभिलेख गरी राख्नु पर्नेछ ।

(६) यस नियम बमोजिम कुनै उजुरी पर्न आएमा प्रहरी कार्यालयले त्यस्तो उजूरी दर्ता गरी अनुसूची-२ बमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढाँचामा उजूरी दर्ताको भरपाई सम्बन्धित उजूरीकर्तालाई दिनु पर्नेछ ।

४. आयोग वा स्थानीय तहमा उजूरी गर्न सक्ने : (१) कसैले नियम ३ बमोजिम दिएको उजूरी प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा आयोग वा स्थानीय तहमा उजूरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी पर्न आएमा आयोग वा स्थानीय तहले सो उजूरीको व्यहोरा कार्यालयमा अभिलेख गरी तीन दिनभित्र उजूरी दर्ता गर्नको लागि सम्बन्धित प्रहरी कार्यालयमा अनुसूची-४ बमोजिमको ढाँचामा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजूरी दर्ता गरी अनुसूची-२ बमोजिमको भरपाई सम्बन्धित आयोग वा स्थानीय तहमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम भरपाई प्राप्त भएमा आयोग वा स्थानीय तहले सम्बन्धित उजूरीकर्तालाई त्यस्तो भरपाई उपलब्ध गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१

(नियम ३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

उजूरीको ढाँचा

श्री ....................... मा दिएको प्रहरी कार्यालयले भर्ने

(प्रहरी कार्यालयको नाम र ठेगाना) दर्ता नं. :-

**दर्ता मिति** -

उजूरी

१. पीडितको नाम, थर र ठेगाना :-

२. कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :-

३. कसूर भएको वा हुन लागेको स्थान, मिति र समय :-

४. कसूरको व्यहोरा :-

५. सम्बन्धित कुनै प्रमाण भए सो को विवरण :-

६. सम्बद्ध अन्य विषय र विवरण :-

यस उजूरीको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्धारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनुपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

उजूरीकर्ताको,-

दस्तखतः-

मितिः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची -२

(नियम ३ को उपनियम (६) सँग सम्बन्धित)

## उजूरीको भरपाई

विषय — जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूर बारे ।

............................. .....*(उजूरीकर्ताको नाम)* को मिति ............................को उजूरी प्राप्त भई यस प्रहरी कार्यालयको दर्ता किताबमा मिति ............................ मा दर्ता भयो ।

कार्यालयको छाप :- उजूरी दर्ता गर्ने प्रहरी कर्मचारीको,-

दर्ता नं. :- दस्तखत :-

नाम :-

पद :-

कार्यालय :-

**मिति** :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-३

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

उजूरीको ढाँचा

श्री ...... ..........(*आयोग/स्थानीय* ***तह****को नाम*) मा दिएको

उजूरी

१. उजूरीकर्ताको नाम, थर, ठेगाना :-

२. कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :-

३. कसूर भएको वा हुन लागेको स्थान, मिति र समय :-

४. कसूरको व्यहोरा :-

५. सम्बन्धित कुनै प्रमाण भए सो को विवरण :-

६. सम्बद्ध अन्य विषय र विवरण :-

७. उजूरी दर्ता गर्न इन्कार गर्ने प्रहरी कार्यालयको नाम र ठेगाना :-

८. प्रहरी कार्यालयले उजूरी दर्ता गर्न इन्कार गरेको मिति :-

९. उजूरी दर्ता गर्न इन्कार गर्नुको कारण:-

यस उजूरीको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्धारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनुपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

उजूरीकर्ताको,-

दस्तखत:-

मिति :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

<u>आयोग वा स्थानीय **तह**ले प्रहरी कार्यालयमा लेखी पठाउने सूचनाको ढाँचा</u>

श्री ...................... (*प्रहरी कार्यालयको नाम र स्थान*)

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कसूर सम्बन्धमा त्यस कार्यालयमा मिति ........... मा..........ले दिएको उजूरी त्यस कार्यालयबाट दर्ता गर्न इन्कार भएको भनी यस.............(*आयोग वा स्थानीय र **तह**को नाम र ठेगाना*) मा निजले उजूरी दर्ता गराएको हुँदा सम्बन्धित व्यक्तिको नाममा उजूरी दर्ता गरी कानून बमोजिम दर्ताको भरपाई यस ...........(*आयोग वा स्थानीय **तह**को नाम*) मा उपलब्ध गराइदिनु हुन निजले दिएको उजूरी यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

सम्बन्धित अधिकारीको,-

नाम :-

दस्तखत :-

पद :-

मिति :-

कार्यालयको नाम :-

**आज्ञाले,**
**दिनेश कुमार थपलिया**
**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।